श्री बिगु गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

लादुक, दोलखा

**क्वारेन्टिन/आइसोलेसनमा बस्ने व्यक्तिहरुले पालन गर्नु पर्ने आचार संहिता**

१. क्वारेन्टिन/आइसोलेसनमा बस्ने व्यक्तिहरुले एक अर्कासँग कम्तिमा २ (दुई) मीटर दूरी राखेर बस्नु पर्नेछ।

२. क्वारेन्टिन/आइसोलेसनमा रहँदा समेत अनिवार्य रुपमा मास्क लगाउनु पर्नेछ। मास्क नलगाई एक अर्कासँग कुरा गर्न पाइने छैन।

३. क्वारेन्टिन/आइसोलेसनमा बस्ने व्यक्तिले स्वास्थ्य र सरसफाईमा विशेष ध्यान दिनु पर्नेछ। आफू बस्ने स्थानलाई आफैंले सफा राख्नु पर्नेछ।

४. क्वारेन्टिन/आइसोलेसन कक्षभित्र गर्न सकिने सामान्य कसरतलाई निरन्तरता दिन सकिनेछ। बाहिर निस्कन वा डुल्न पाइने छैन।

५. क्वारेन्टिन/आइसोलेसन कक्षभित्र कुनै पनि प्रकारको धुम्रपान वा मद्यपान गर्न पाइने छैन। गरेको थाहा भएमा कडा कारबाही हुनेछ।

६. खानाको न्यूनतम गूणस्तर, स्वास्थ्य मापदण्डको पालना र सरसफाईमा कुनै गुनासो भए व्यवस्थापन समितिको पदाधिकारीलाई तत्काल जानकारी गराउनु पर्नेछ।

७. क्वारेन्टिन/आइसोलेसनभित्र लुडो लगायतका खेलहरु सिंगल प्लेयर मोडमा मात्रै खेल्न सकिनेछ। अनलाइनमा भर्चुअल मल्टि प्लेयर बाहेक दुई वा सोभन्दा बढी व्यक्तिले एउटै डिभाइस प्रयोग गरी कुनै पनि गेम खेल्न पाइने छैन।

८. क्वारेन्टिन/आइसोलेसनमा बस्ने व्यक्तिहरुले स्वास्थ्यकर्मीको सहयोग लिई आवश्यकता अनुसार आफ्नो स्वास्थ्य जाँच गराउनु पर्नेछ।

९. क्वारेन्टिन/आइसोलेसनमा बस्ने व्यक्तिहरुले स्वास्थ्य सतर्कता र स्व-अनुशासनमा जोड दिनु पर्नेछ।

*"स्व-अनुशासन, स्वास्थ्य मापदण्ड र इमान्दारी, कोरोना-१९ को नियन्त्रण, हामी सबैको जिम्मेवारी"*